# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
## गोलबजार, सिरहा
## प्रदेश नं. - २, नेपाल

आर्थिक बर्ष ०७७/०७८ को नदिजन्य पदार्थको उत्खनन् गरी
बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७७।०६।१५)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को घ(६) को व्यवस्था र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार मैनावती खोला र गागन खोला गोलबजार नगरपालिकाको वन निषेधित क्षेत्र बाहेकको सिमाना सम्म तोकेको घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ निकाली गोलबजार नगरालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुवाट निम्नलिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७५/०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषण, अख्तियारनामा (Letter of Attorney) सहित रितपूर्वकको गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको छ।

**शर्तहरु :**

१. वोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र खरिद गर्न सकिने छ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोली पल्ट दिनको १२:०० बजे सम्म रहने छ। दर्ता हुन आएको बोलपत्रहरु ३१ औ दिनको २:०० बजे गोलबजार नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। वोलपत्र फारमहरु खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ। वोलपत्र खरिद तथा पेश गर्न वोलपत्रदाता फर्मको प्रोपाईटर स्वंयम उपस्थित हुनुपर्नेछ। उक्त कार्यगर्न आफै उपस्थित हुन नस्कने भएमा अधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधी खटाउन सक्नेछ।

२. बोलपत्र फारम साथ धरौटी वापत कवुल अंकको मु.अ. कर वाहेक ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयका रा.वा. बैंक सिरहा शाखामा रहेको धरौटी खाता नं.२१३०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको नेपाल रा.वा.बैंक वाट मान्यता प्राप्त ' क' वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (बिड बोण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको वोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरेर शिलवन्दी गरी खामको वाहिर पटी ठेक्काको नाम, ठेकेदारको नाम, ठेगाना , काम विवरण , ठेक्का विवरण, सम्पर्क नं. र गोलबजार नगर कार्यपालिकाको कार्यालय , गोलवजार भनि प्रष्ट वुझने गरी लेख्नुपर्नेछ। वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी प्रष्ट्रसंग लेख्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

४. वोलपत्र दिदाँ कुनै प्रकारको शर्त मान्य हुने छैन। साथै यस कार्यालयको छाप र कार्यालयको तर्फवाट प्रमाणित नभएको वोलपत्र फारमलाई मान्यता दिईने छैन।

५. यस नगरका नदि तथा नदिहरुका उत्खनन् परिमाण सन्दर्भमा नदिजन्य निर्यात समाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एंव नेपाल सरकारवाट जारी भएका निर्देशनहरु गोलबजार नगरपालिकाको ढुङ्गा, गिटी, बालुवा उत्खनन् संकलन सम्बन्धी प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन यस ठेक्काका सम्झौताको अभिन्न अंग रहनेछ।

६. ठेक्का अवधि सम्झोता मितिदेखि २०७८ जेष्ठ मसान्त सम्म रहनेछ।

७. ठेक्का स्वीकृत भएको फर्मको कवोल अंक (स्वीकृत) रकम अग्रिम रुपमा बुझाए वापत कार्यालबाट कवोल अंकको दश प्रतिशत छुट दिईनेछ। किस्तामा छुट दिईनेछैन। २ (दुई) किस्तामा कुल कवोल रकम यस कार्यालयमा दाखिला गर्नुपर्नेछ। स्वीकृत रकम वमोजिमको प्रथम किस्ता वुझाई सम्झौता गर्नुपर्नेछ र वाँकी अवधीको लागी दोस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०७८ साल साउन मसान्त सम्मको बैंक ग्यारेन्टी (पर्फमेन्स वोण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता २०७८ चैत्र मसान्त भित्र वुझाईसक्नुपर्ने छ।

८. ठेक्का अवधिको प्रचलित कानुन अनुसार बुझाउनुपर्ने आयकर लगायतको अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ र ठेक्का रकमवाट घटाउन पाईने छैन ।

९. कारोवार गर्दा वालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईने छैन ।

१०. वोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसंग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार प्रकिया अगाडी बढाईनेछ ।

११. ठेकेदारले उठाउने कर यस नगरपालिकाबाट तोकेको दररेटमा रकम उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन ।

१२. ढुंगा, गिट्टी, ग्राभेल र बालुवा उत्खनन् पुल, कल्भट, कजवे, सड़क, नदिको अप स्ट्रिम १००० मिटर र डाउन स्ट्रिम ५०० मिटर भित्र, वन क्षेत्र र कुनै पनि व्यक्तिको घर, जग्गा, कुलो, बाँध, सार्वजनिक स्थल आदिबाट निकाल्न पाईने छैन् ।

१३. म्याद नाघी वा रित नपुगी प्राप्त भएको वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१४. ठेकेदारले वन्द हड्ताल र समय अभावको कारण देखाई छुट तथा मिनहा दाबी गरेमा कार्यालयले छुट दिने छैन ।

१५. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु ठेकेदारको कर्तव्य हुने छ ।

१६. कुनै कारण जनाई वा नजानाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ बिशेष अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न सकिने छ ।

१७. यस सूचनामा उल्लेख भएको कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१८. सूचना सम्बधित विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेबसाईट www.golbazarmun.gov.np मा समेत हेर्न सकिने छ । यस सम्वन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालयको समय भित्र सम्पर्क राख्न सकिने छ।

आ.व. ०७७।०७८ को नदीनाला ठेक्काको न्यनूतम रकम विवरण

| ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थान | उत्खनन् वस्तु | कुल उत्खनन् परिमाण (घ.मि.) | आ.व. २०७७।०७८ को लागि न्युनतम अंक ठेक्का रकम (मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| ०६।०७७।७८ | नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिक्री वितरण | गागन खोला | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | २५,०००।- | २५,००,०००।- | ३,०००।- |
| ०७।०७७।७८ | | मैनावती खोला | बालुवा भरोठ | २५,०००।- | १०,००,०००।- | १,०००।- |